“कृषि,पर्यटन,उर्जा र पूर्वाधार , अन्नपूर्ण समृद्धिको आधार”

# चालु आ.ब. २०७९/०८०

# मा सम्पादित योजना र कार्यक्रमको

# अर्धबार्षिक प्रगति विवरण


## अन्नपूर्ण  गाउँपालिका,कास्की

प्रस्तोता :खेमराज देबकोटा

प्रमुख प्रशासकीय अधिकृत


# अन्नपूर्ण गाउँपालिका संक्षिप्त परिचय

- भौगोलिक रुपमा ८३⁰४२'०"E देखि ८३⁰५७'०"E पूर्व देशान्तरसम्म र २८⁰३६'४५"N देखि २८⁰१५'१५"N उत्तरी अक्षांश सम्म फैलिएको ।
- समुन्द्री सतहबाट ८३१ मिटरदेखि ८०९१ मिटरको उचाईसम्म फैलिएको यस गाउँपालिकाको कुल क्षेत्रफल ४१७.७४ वर्ग कि.मी. रहेको ।
- यस गाउँपालिकामा ११ वटा वडा रहेका छन् ।
- यस गाउँपालिकाको कुल घरधुरीसंख्या ६०२९ छ भने जनसंख्या २३४१७ रहेको छ ।
- यस गाउँपालिकाको जनघनत्व ५६.०५ व्यक्ति प्रतिबर्ग कि.मी. रहेको छ ।




| श्रोत | बार्षिक अनुमानित आय | बास्तबिक आय |
|---|---|---|
| **संघ** | | |
| समानीकरण अनुदान | ११ करोड १९ लाख | ३ करोड ७४ लाख ५० हजार |
| शसर्त अनुदान चालु | २५ करोड २४ लाख | १२ करोड ९० लाख |
| शसर्त अनुदान पुँजीगत | १ करोड ६४ लाख | १८ लाख |
| बिशेष अनुदान पुँजीगत | १ करोड ९७ लाख | ० |
| समपुरक अनुदान पुँजीगत | ३ करोड ६० लाख | ० |
| राजश्व बांडफांड | ११ करोड ४ लाख ९२ हजार | १ करोड २९ लाख ४४ हजार |
| **प्रदेश** | | |
| समानीकरण अनुदान प्रदेश | १ करोड २६ लाख ६३ हजार | ६३ लाख ३१ हजार ५ सय |
| समपुरक अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| राजश्व बांडफांड प्रदेश | ६३ लाख ३४ हजार | २८ लाख ५४ हजार |
| शसर्त अनुदान पुँजीगत | ५० लाख | २५ लाख |
| **आन्तरिक राजश्व** | २ करोड | ९८ लाख ५४ हजार |
| **जम्मा** | ६७ करोड ४१ हजार | २८ करोड ४९ लाख |

# आन्तरिक राजश्व संकलनको अवस्था



# कुल बजेट र  हाल सम्मको खर्चको अवस्था (२४.०५ प्रतिशत)



अन्नपूर्ण गाउँपालिका


# आ.ब. २०७९/८० मा जारी भएका कानून (ऐन, नियम निर्देशिका, कार्यविधि, मापदण्ड)

हाल सम्म तर्जुमा भएका कानुनहरु | १३

राजपत्रमा प्रकाशन गरिएका कानुनहरु | १३

अन्नपूर्ण गाउँपालिका

# वडागत ब्यबसाय दर्ता/नविकरणको संख्यात्मक विवरण



# पौष मसान्तसम्मको  बिषयगत क्षेत्र अनुसार बजेट तथा  खर्च विवरण,मुख्य उपलब्धि र झलकहरु

**खण्ड (ख)**
**सामाजिक बिकास**

**खण्ड (ग)**
**पूर्वाधार बिकास**

**खण्ड (क)**
**आर्थिक बिकास**



**खण्ड (घ)**

**वन वातावरण तथा बिपत ब्यबस्थापन**

**खण्ड  (ङ)**
**शुसासन ,संस्थागत बिकास ,सेवा प्रवाह**

# बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# खण्ड (क)

## आर्थिक विकास

अन्नपूर्ण गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | कृषि र पशुपालन | १ करोड ३४ लाख | २६ लाख | १९.४० |
| २ | पर्यटन तथा उद्योग | २ करोड १० लाख | १६ | ७.६ |
| ३ | सहकारी | ५ लाख | २ लाख ३२ हजार | ४६.५६ |
| ४ | अन्य (भूमि,जलश्रोत,सिंचाई ) | ७ लाख ३० हजार | २ लाख | २७.३९ |
| | **कुल जम्मा** | ३  करोड ५४ लाख | ४३ लाख ३७ हजार | १२.२५ |

# आर्थिक बिकासका कृयाकलाप एबम उपलब्धि

- कृषकहरुलाई अनुदानमा आलु लगायत अन्य बिउ बिजन वितरण
- ११ वटै वडामा नमूना कृषि फर्म स्थापनाको प्रकृया अघि बढाइएको
- तरकारी पकेट कार्यक्रम संचालन गरिएको
- आन्तरिक उत्पादनको क्लष्टर निर्माण गरिएको
- पशु स्वास्थ्य सेवा,रेबिज एबम खोरेत बिरुद्धको खोप बितरण
- पशु आहारा सेवा,कृत्रिम गर्भाधान सेवा
- लाभान्वित कृषक संख्या : ३ हजार १ सय ३३

- पर्यटन प्रवर्धनको बिभिन्न कृयाकलापहरु अघि बढाएको
- सहकारीहरुको क्षमता अभिवृद्धिको कार्यक्रम सम्पन्न गरिएको
- वडा नं. ४,५,७,८,१० र ११ मा निस्सा वितरण कार्य सम्पन्न भएको
- वडा नं. ४ र ५ मा जग्गा वितरणको लागि जग्गा नापजांचको टोली गठन भई काम अघि बढेको
- उद्यम बिकास समिति गठन गरी उद्यम बिकासको लागि घरघुरी सर्वेक्षण सम्पन्न गरिएको, समुह गठन मार्फत उद्यम बिकासका कार्यक्रम अगाडी बढाइएको

# आर्थिक बिकाससंग सम्बन्धित झलकहरु




क्लाष्टरमा रथाने बाली प्रवर्धन कार्यक्रम




तरकारी पकेट विकास कार्यक्रम




हिउँदे घौंस बिउ वितरण







कन्दमुल तथा कोदो बाली प्रदर्शनी मेला

सहकारीका ब्यबस्थापकका लागि क्षमता अभिवृद्धि

उद्यमशिलता बिकास तालिम










निस्सा वितरण कार्यक्रम






हनी हन्टीङ महोत्सब





# बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# खण्ड (ख)

## सामाजिक विकास

अन्नपूर्ण
गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | शिक्षा | २२ करोड ७० लाख | ८ करोड ७८ लाख | ३८.६८ |
| २ | स्वास्थ्य | ४ करोड ६४ लाख | १ करोड ५३ लाख | ३२.९७ |
| ३ | खानेपानी तथा सरसफाई | २ करोड ७७ लाख | १५ लाख | ५.४१ |
| ४ | भाषा तथा संस्कृति | १६ लाख | ७५ हजार | ४.७ |
| ५ | सामाजिक समाबेसिकरण एबम सुरक्षा तथा संरक्षण | ३६ लाख ५० हजार | ६ लाख २४ हजार | १७.५५ |
| ६ | युवा तथा खेलकुद | १० लाख | २ लाख | २० |
| | **कुल जम्मा** | **३० करोड ७४ लाख** | **१० करोड ३८ लाख** | **३३.७७** |

# सामाजिक बिकासका कृयाकलाप एबम मुख्य उपलब्धि

- सबै बिद्यालयको नतिजा विश्लेषण गरी सुधारको लागि सामुहिक प्रतिबद्धता गराइएको,जसबाट शैक्षिक स्तर सुधार देखिएको ,बि.व्य.स. र अन्य सरोकारवाला बिच नियमित अन्तरकृयाको व्यवस्था गरिएको
- पठन पाठनहुने बिषयगत समिति गठन गरी सकृय बनाइएको
- गाउँ शिक्षा समितिलाई पूर्णता दिइएको
- अतिरिक्त कृयाकलाप संचालन गरिएको ,उत्कृष्ट बिद्यालय,बिद्यार्थी सम्मानको सुरुवात गरीएको
- खेलकुद बिकासको लागि बिभिन्न प्रतियोगिता आयोजना गरिएको, एक वडा एक खेलमैदान अभियान अनुसार काम अन्तिम चरणमा पुगेको

- सबै वडामा स्वास्थ्य सेवाको पहुँच पुगेको, पर्याप्त औषधी र स्वास्थ्य कर्मीको व्यवस्था गरिएको
- स्वास्थ्य बिमा कार्यक्रम संचालन गरी हाल सम्म ५१३ परिवारको बिमा गरिएको (५० प्रतिशत गा.पा. बाट व्यहोर्ने गरी)

- सामाजिक सुरक्षा भत्ता फरवार्ड फिड प्रणाली मार्फत वितरण गर्ने गरिएको, बैंकहरुसंग सम्झौता गरी सहज रुपमा वितरणको व्यवस्था गरिएको
- अपांगहरुलाई पोषण सामग्री वितरण गरिएको
- परिचय पत्र वितरण र सामाजिक सुरक्षा एबम संरक्षणलाई प्राथमिकता दिइएको
- ९९ प्रतिशत परिवारमा खानेपानी सुबिधा उपलब्ध भएको,संघीय सरकार मार्फत बृहत लान्द्रुक खानेपानी आयोजनाको काम सुरुवात भएको

# झलकहरु




गाउँ शिक्षा समिति गठन




बिद्यालय स्तरीय खेलकुद प्रतियोगिता

पूर्ण खोप घोषणा कार्यक्रम






बाल गृह अनुगमन

लैंगिक हिंसा र महिला अधिकार सम्बन्धि अन्तरकृया




अपांगलाई पोषणयुक्त खानेकुरा एबम व्हिल चेयर वितरण



# बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# खण्ड (ग)


# पूर्वाधार विकास

अन्नपूर्ण
गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | यातायात पूर्वाधार | १५ करोड २८ लाख | ८४ लाख ७८ हजार | ५.५५ |
| २ | भवन आवास तथा सहरी बिकास | २ करोड ८ लाख | २० लाख ६८ हजार | ९.९२ |
| ३ | उर्जा | १० लाख | ८ लाख | ८० |
| ४ | सम्पदा | १ करोड ९६ लाख | २६ लाख ६८ हजार | १३.६१ |
| | **कुल जम्मा** | **१९ करोड ४२ लाख** | **१ करोड ४० लाख** | **७.२१** |

# योजना संख्या,सम्झौता एबम सम्पन्न स्थिति



# पूर्वाधार बिकासका कृयाकलाप  एबम  मुख्य उपलब्धि

- अनलाइन मा आधारित योजना ब्यबस्थापन प्रणाली मार्फत योजनाको काम तिब्र रुपमा भईरहेको, प्रणाली बाटै योजना अनुगमनको व्यवस्था गरिएको
- आयोजनाको अभिलेखीकरणको लागि GIS Mapping को सुरुवात गरिएको
- वडा कार्यालयमा नै शिबिर संचालन गरी योजना सम्झौता गरिएको

# आयोजना संग सम्बन्धित झलकहरु



वडा कार्यालयमा योजना सम्झौता शिबिर



सडक बाटो स्तरोन्नती नापजाँच एबम अनुगमन गर्दै प्राबिधिक



निर्माण सम्पन्न पर्यटक पदमार्ग



सडक बाटो स्तरोन्नती



धार्मिक एबम पर्यटकीय स्थल संरक्षणको लागि नापजांच गर्दै प्राबिधिक



ढलान बाटो अनुगमन




पदमार्गमा रहेको जिर्ण झोलुंगे पुल स्तरोन्नती

# बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# खण्ड (घ)

# वन वातावरण तथा बिपत ब्यबस्थापन

अन्नपूर्ण गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | वन वातावरण तथा विपद ब्यबस्थापन | ५० लाख ३९ हजार | ४५ लाख | ८९.३ |

# वन,वातावरण एबम विपद  ब्यबस्थापनका कृयाकलाप  एबम मुख्य उपलब्धि

- विपद ब्यबस्थापन सम्बन्धि तालिम सम्पन्न गरिएको
- बिभिन्न विपद पिडितहरुलाई राहत उपलब्ध गराइएको
- विपद प्रतिकार्यका लागि बिभिन्न कार्यक्रम संचालन गरिएको
- विपद तथा जलश्रोत सम्बन्धि कार्यविधि निर्माण गरिएको
- विपद प्रभावित परिवारको लगत संकलन गरिएको
- मनसुन जन्य विपद प्रभावित १६ परिवारलाई निकासा प्रदान गरिएको
- वातावरण र पर्यावरणीय संरक्षण संग सम्बन्धित  बिभिन्न आयोजना संचालन भईरहेका

# तस्बिरहरु




विपद तथ्यांक संकलन प्रणाली सम्बन्धि अभिमुखीकरण कार्यक्रम




सुरक्षाकर्मीलाई विपद सामग्री हस्तान्तरण





विपद अनुगमन

# बिषयगत क्षेत्रअनुसार खर्च,प्रमुख उपलब्धि र तस्बिरहरु



# खण्ड (ङ )

# शुसासन,संस्थागत बिकास तथा सेवा प्रवाह

अन्नपूर्ण गाउँपालिका

# क्षेत्रगत बजेट तथा खर्च

| सि.न. | क्षेत्र\उप क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| १ | मानब बिकास,तथ्यांक प्रणाली,सूचना प्रबिधि,कार्यालय संचालन एबम अन्य प्रशासनिक | १३ करोड ७० लाख | ४ करोड १७ लाख | ३०.४३ |

# सुशासन,संस्थागत बिकास तथा सेवा प्रबाहका कृयाकलाप एबम  मुख्य उपलब्धि

- चालु आ.ब.को सुरुवात बाटै विद्युतीय हाजिरीको सुरुवात गरिएको
- कर्मचारीसंग कार्यसम्पादन सम्झौता गरी जिम्मेवार बनाइएको
- शाखा प्रमुखहरुद्वारा कार्ययोजना निर्माण नियमित बैठक,समिक्षा,र प्रतिबेदन पेश गर्ने कार्य सुरुवात गरिएको जसबाट शुसासन, सेवा प्रबाह र संस्थागत बिकासमा उल्लेख्य सुधार देखिएको
- QR Code र अनलाइन मार्फत सेवाग्राही सन्तुष्टी सर्वेक्षण गरी प्राप्त गुनासो र सुझाबलाई विश्लेषण गर्ने गरिएको
- गा.पा. र ११ वटै वडामा विद्युतीय प्रणाली मार्फत राजश्व संकलन र योजना सम्झौता को ब्यबस्था गरिएको,हाल सम्म ३०३० करदाता प्रणालीमा आबद्ध भएका
- राजश्व चुहावटमा कमी आई राजश्व संकलनमा वृद्धि भएको

- जनप्रतिनिधि एबम कर्मचारीहरुलाई नियमित क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने गरीएको
- ११ वटै वडाबाट अनलाइन घटना दर्ता भईरहेको
- अध्यक्ष ज्यूको सचिवालयको ब्यबस्था गरी भेटघाट एबम गुनासोको लागि आउने सेवाग्राहीलाई प्रतीक्षा कक्षको ब्यबस्था गरी भेटघाटको ब्यबस्था मिलाउने गरिएको र अध्यक्ष ज्यू को अनुपस्थितिमा समेत सेवाग्राहीको काम र कागजात लिई प्रकृया अघि बढाउने गरीएको



# सेवाग्राही सन्तुष्टी सर्वेक्षण फाराम

(अन्नपूर्ण गाउँपालिका,कास्की )

यो सर्वेक्षण अन्नपूर्ण गाउँपालिका कार्यालय,विषयगत शाखा,कार्यक्रम वा अन्तर्गतका वडा कार्यालयवाट प्रवाह हुने सेवाको गुणस्तर, कर्मचारीको व्यवहार र सेवाग्राहीको सन्तुष्टिको लेखाजोखा गर्नको लागि गरिएको हो । यसमा उल्लेखित विवरणहरु गोप्य रहने र अनुसन्धान तथा सेवामा सुधारको लागि भन्दा अन्य प्रयोजनमा प्रयोग गरिने छैन । तपाईले सेवा लिन आउदाको वास्तविक अनुभव र अनुभूती राखिदिनु भई हाम्रो सेवा सुधारको लागि अमूल्य योगदान गरिदिनु हुन हार्दिक अनुरोध छ ।


-- गाउँपालिका अध्यक्ष

SCAN HERE

Form Link : bit.ly/annapurnaservice

यस कार्यालयवाट लिएको सेवावाट तपाईको सन्तुष्टिको स्तर कस्तो रह्यो ?

10 responses







अनलाइन राजश्व संकलन शिबिर




प्राकृतिक श्रोत तथा बित्त आयोगका सदस्य ज्यू संग अन्तरकृया कार्यक्रम







पहिलो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम

# न्यायिक समिति

- जम्मा दर्ता भएका मुद्धा-८ ,फछ्र्यौट -५ वटा
- सबै वडामा मेलमिलापकर्ताको ब्यबस्था गरिएको ,जनप्रतिनिधि र मेलमिलापकर्ता बिच अन्तरकृया सम्पन्न गरिएको
- न्यायिक इजालस संचालनमा रहेको







सूचिकृत मेलमिलापकर्तासंग अन्तरकृया कार्यक्रम

# नव प्रवर्धन साझेदारी कार्यक्रम

## पर्यटनमैत्री प्रविधिमैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजना



# कृयाकलापहरु

- मुख्य मन्त्री तथा मन्त्री परिषदको कार्यालय र गा.पा. को लागत साझेदारीमा **पर्यटनमैत्री प्रबिधि मैत्री नमूना अन्नपूर्ण गाउँपालिका परियोजना**का कृयाकलापहरु अघि बढिरहेका
- एकीकृत पर्यटन सूचना केन्द्र,पर्यटन पोर्टल संचालन,पर्यटकलाई भर्चुअल टुर, सम्पूर्ण पर्यटकीय जानकारी सहितको मोबाइल एप्लिकेसन निर्माण लगायतका काम अन्तिम चरणमा पुगेका
- गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रबाहलाई प्रबिधिमैत्री बनाउंदै लगिएको
- यस परियोजनाबाट समग्र गाउँपालिकाको सेवा प्रबाहमा सकारात्मक परिवर्तन देखिन लाएको
- नव प्रवर्धन मार्फत  अन्य पालिकालाई समेत सिकाई हुने गरी नविनतम अभ्यासको सुरुवात गरिएको

# बेरुजुको अवस्था

अद्यावधिक बेरुजुः


यस पालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छः (रकम रु. हजारमा)

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 33379 | 14549 | 20607 | 0 | 39437 |

यस बर्ष लेखा परिक्षण गर्ने क्रममा १ करोड २६ लाख बेरुजु को आवश्यक कागजात पेश गरी सम्परीक्षण गरी फर्छ्यौट गरिएको

शुन्य बेरुजु बनाउन लेखा समितिलाई सकृय बनाई वित्तीय अनुशासन कायम गर्न कार्यविधि मस्यौदा निर्माण अन्तिम चरणमा पुगेको

# स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन (LISA नतिजा)



ember 16, 2022) | कान्तिपुर

# वीरेठाँटीमा पर्यटक सूचना केन्द्र

# वीरेठाँटीमा पर्यटन सूचना केन्द्र शिलान्यास



आदर्श समाज

हेमजा, २६ मंसिर

अन्नपूर्ण ८, वीरेठाँटीमा एकीकृत पर्यटक सूचना केन्द्र शिलान्यास गरिएको छ । गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले सोमबार सूचना केन्द्र शिलान्यास गरेका हुन् । उनले गाउँपालिका भित्रिने पर्यटकलाई सही सूचना प्रदान गर्ने, नयाँ पर्यटकीय गन्तव्य र गतिविधिको प्रचारप्रसार गर्ने, आन्तरिक उत्पादन प्रवर्द्धन गर्ने, पर्यटकलाई पदमार्ग, घुम्न सकिने ठाउँ, अवलोकन गर्न सकिने दृश्य एवं संस्कृतिसहित पर्यटनसम्बन्धीय सम्पूर्ण सूचना प्रदान गर्ने उद्देश्यले केन्द्र स्थापना गर्न लागिएको बताए।

गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले केन्द्र संचालनलाई गाउँपालिकाले प्राथमिकतामा राखेको जानकारी दिँदै पर्यटन विकास र प्रवर्द्धनमा यसले महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइन् ।

गाउँपालिकाका सूचना प्रविधि अधिकृत इन्जिनियर सूर्य तिमिल्सिनाले नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत केन्द्र स्थापना गर्न लागेको जानकारी दिए । उनले सूचना केन्द्रसँगसँगै विस्तृत पर्यटन पोर्टल र मोबाइल एप्लिकेसनमार्फत समग्र गाउँपालिकाको पर्यटकीय गन्तव्य तथा गतिविधिको समेत जानकारी लिन सकिने बताए ।

चालु आर्थिक वर्षभित्रै निर्माण सक्ने गरी गाउँपालिकाको ४६ लाख ९७ हजार रुपैयाँ लागतमा साढे एकतले सूचना केन्द्र भवन बनाउन लागेको हो । निर्माण जिम्मा आरसंडी इञ्जिनियरिङ कन्सल्टेन्सीले लिएको छ । 'कृषि, पर्यटन, उर्जा र पूर्वाधार: अन्नपूर्ण समृद्धिको आधार' नारा आत्मसाथ गर्दै आएको गाउँपालिकाले पर्यटन प्रवर्द्धनको लागि विभिन्न गतिविधि गर्दै आएको छ । अन्नपूर्ण गाउँपालिका वास्तवमा पर्यटकीय हिसाबले महत्वपूर्ण मानिन्छ । विश्वकै प्रख्यात पर्यटकीय गन्तव्य अन्नपूर्ण आधार शिविर, घान्द्रुक, लान्द्रुक, घोरेपानी, अस्ट्रेलियन क्याम्प, पोथाना, भदौरे लगायत स्थान पनि यही पालिकाअन्तर्गत पर्दछन् ।

गाउँपालिका वडा ८ का अध्यक्ष विजय गुरुङको अध्यक्षतामा भएको शिलान्यास कार्यक्रम शिक्षा अधिकृत बलराम भुगाईले संचालन गरेका थिए ।

२०७९ मंसिर २८ गते बुधबार

# मोदी किनारमा मह महोत्सव

रिखिराम जिसी

लान्द्रुक, २७ मंसिर



कास्कीको अन्नपूर्ण गाउँपालिका ७ लान्द्रुकमा हनी हन्टिङ फेस्टिबल २०७९ सुरु भएको छ । मोदी खोला किनारको कोटेसाङ महभीरमा मंगलबारदेखि भीर मह झिक्ने काम सुरु भएको हो ।

फेस्टिबलको मंगलबार अन्नपूर्ण गाउँपालिका अध्यक्ष विष्णुबहादुर केसीले उद्घाटन गरे । अध्यक्ष केसीले गाउँपालिकाले पर्यटकीय गन्तव्य विकासमा कुनै आर्थिक समस्या हुन नदिने प्रतिबद्धता जनाए । 'लान्द्रुक पर्यटकीय गाउँ हो । कमजोरीलाई सच्याएर सुन्दर बनाउनु छ' उनले भने, 'गाउँलेले मेहनत गरे गाउँपालिकाले साथ दिन्छ । हनी हन्टिङ पर्यटन विकासको एउटा माध्यम हो । आर्थिक समस्या हुन्छ भन्ने चिन्ता नगर्नुहोला ।'

हनी हन्टिङलाई आवश्यक स्रोत, साधनका योजना ल्याउन अध्यक्ष केसीले आग्रह गरे । गाउँपालिकाको बजेटबाट लान्द्रुक पुग्ने बाटो दुईतर्फी बनाएर स्तरोन्नति गर्ने उनको प्रतिबद्धता छ । संघ र प्रदेशबाट पनि यो सडकलाई बजेट विनियोजन गर्न पहल गर्ने अध्यक्ष केसीको भनाइ थियो ।

गाउँपालिका उपाध्यक्ष चन्द्रकला अधिकारीले लान्द्रुकको महलाई विदेशसम्म निर्यात गर्न सक्नुपर्ने बताइन् । कोटेसाङ भीरमा ३० वटा मौरीका गोला छन् । २ दिन लगाएर ती सबै गोलामा परेको मह निकालिने फेस्टिबल आयोजक समिति सचिव कमल गुरुङले जानकारी दिए । 'सबै गोलामा मह नहुन पनि सक्छ ।

मह राम्रै निस्किने भयो भने ३/४ दिन लाग्न सक्छ,' उनले भने । जेठ र मंसिर गरेर वर्षमा २ पटक मह काढिन्छ । दोस्रो सिजनको मह निकाल्ने दुई दिनलाई लान्द्रुकमा फेस्टिबल नै आयोजना गरिएको हो ।

https://www.gandaknews.com/2023/01/26/107649/




GANDAKNEWS.COM

**अन्नपूर्ण गाउँपालिकाको स्वमुल्यांकन नतिजा : १०० मा ८४.७५ अंक**

- Gandak News

# 'पालिकाले नापी ल्याइदिओस्'






# केही जिज्ञासा ?

# धन्यबाद ☺